नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-५६९ दायर मिति:-२०८१/०२/१७**

**फैसला मिति:-२०८१/०६/२०**

| **वादी** | **प्रतिवादी** |
| --- | --- |
| **सुनिल पाण्डेयको जाहेरीले नेपाल सरकार..........................१** | **जिल्ला बारा परवानीपुर गाउँपालिका वडा नं.३ बस्ने रामध्यान राउतको छोरा बर्ष ३५ को उमेश प्रसाद यादव.........१** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।
२. प्रतिवादीले जाहेरवालालाई गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेकोले प्रतिवादीलाई कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका सन्तोष खत्री समेतको घटनाविवरण कागज।
४. जिल्ला सरकारी वकिल कार्यालयको अभियोग पत्र ।
५. प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको आंशिक ईन्कारी बयान ।
६. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।
७. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा मिति २०८०।११।२२ गते अ.१४:३० बजेको समयमा जिल्ला पर्सा बीरगंज म.न.पा.वडा नं.१३ स्थित जिल्ला सरकारी वकील कार्यालय पर्सामा गई मेरो ठगी मुद्दाको बिषयमा सोधपुछ गरी सोही कार्यालय बाहिर बसिरहेको अवस्थामा बिपक्षी उमेश प्रसाद यादव समेतका मानिसहरु म नजिक आई तिमीले जनमुखी वचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष उपर किन मुद्दा दर्ता गराएको भन्दै अपशब्द प्रयोग गरी गाली गलौज गर्दै हातपात समेत गरी अभद्र ब्यवाहार गरेको भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको आंशिक साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी उमेश कुमार यादवलाई जरिवाना रु.५०००/- अक्षरेपी पाँच हजार र क्षतिपूर्ती शुल्क रु.२००/- अक्षरेपी दुई सय मात्र ठहर्छ। साथै ऐ. संहिताको दफा १२७ को हकमा विल भरपाई पेश हुन नआएको हुँदा यसमा केही गरी रहनु परेन । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी उमेश कुमार यादवलाई जरिवाना र क्षतिपूर्ती शुल्कको हकमा र.नं.८४/२०८१/०६/१४ बाट दाखिला गरेको धरौटी रकम रु.१०४००/- बाट जरिवाना रकम रु.५०००/- र क्षतिपूर्ती शुल्क रु.२००/- कट्टी गरी रु.५२००/- प्रतिवादीलाई फिर्ता गर्न लेखा शाखालाई पत्र लेख्नु -----------------------------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्यादिनु-१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-----------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु-----------------------१

**दिनेश सागर भुसाल**

**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ असोज महिना २० गते आईतवार रोज १/ ने.सं. ११४४ कौलाथ्व तृतिया, शुभम्........